# प्रेस विज्ञप्ति

२०६९ चैत १५,  विश्व बैकको सहयोगमा नेपालमा संचालित आयोजनाहरुको वर्तमान अवस्था र भावि कार्यदिशा लिने उदेश्यका साथ आज नेपाल सरकार अर्थ मन्त्रालय र नेपालस्थित विश्व वैकको कार्यालयको संयुक्त तत्वाबधानमा “विश्व वैंकको सहायोगमा संचालित आयोजनाहरुको दोस्रो चौमासिक समीक्षा वैठक” अर्थ मन्त्रालयको सभाकक्षमा सम्पन्न भयो ।

उक्त समीक्षा वैठकमा उर्जा, स्थानीय विकास, भौतिक पूर्वाधार, शिक्षा, शहरी विकास, सिचाई र कृषि क्षेत्रसंग सम्बन्धित विभिन्न १२ वटा परियोजनाहरुको वर्तमान अवस्था, देखिएका मुख्य समस्याहरु, र तिनको समाधानको लागि चाल्नु पर्ने कदमहरुबारे छलफल भएको थियो ।

वर्तमान अवस्थामा ती परियोजनाहरुमा मूलत बजेटको अभाव, छिटोछिटो परियोजनासंग सम्बन्धित मुख्य-मुख्य कर्मचचारीहरुको सरुवा हुने गरेको, परियोजनाहरुको पूँजीगत खर्च न्यून रहेको, नेपाल सरकारका तर्फबाट राख्नु पर्ने पूरक कोष न्यून रहेको जस्ता मुद्वाहरु नेपालस्थित विश्व वैंकका प्रतिनिधिहरुले उठाएका थिए ।

ती मुद्वाहरुमा संम्वोधन गर्दै अर्थ सचिव श्री शान्तराज सुवेदीले नेपाल सरकार वैदेशिक सहायतामा संचालित आयोजनाहरुका बारेमा सदैव संवेदनशील रहेको तथा त्यस्ता आयोजनाहरुका लागि बजेटको अभाव कदापी हुन नदिनमा अर्थ मन्त्रालय सदैव चनाखो रहेको पक्षमा उजागर पार्नु भएको थियो । अर्थ सचिव श्री सुवेदीले परियोजना प्रमुखहरुलाई दृढ ईच्छाशक्ति लिएर परियोजनाहरुको कार्य स्थिति अगाडी बढाउन समेत निर्देशित गर्नु भएको थियो भने नेपाल सरकार परियोजना प्रमुख लगायत अन्य मुख्य-मुख्य कर्मचारीहरुका बेमौसमि सरुवाका सम्बन्धमा जानकार रहेको तथा यस्तो अवस्था आउन नदिन सदैव तत्पर रहेको समेत जानकारी गराउनु भएको थियो ।

अर्थ सचिव श्री सुवेदीले कतिपय मन्त्रालयहरु जस्तो भौतिक पूर्वाधार शहरी विकासहरुले परियाजना प्रमुखहरुसंग कार्यसम्पादनमा आधारित सम्झौता गर्ने कार्यको थालनी गरिसकेको अवस्था रहेको तथा यसले परियोजनाहरुको काम कारवाही निश्चय नै सकारात्मक असर पार्ने पक्षमा आशापलाएको कुरा जानकारी गराउनु भएको थियो ।

उक्त कार्यक्रमा नेपालस्थित विश्व वैंक कार्यालयका राष्ट्रिय व्यवस्थापक तासिन सैदले बोल्दै विश्व वैंक नेपाल सरकारलाई सदैव सहयोग गर्न तत्पर रहेको तथा यसैका कारण नै नेपाल र विश्व वैंकको सौहार्द पूर्ण सम्बन्ध स्थापित भएको ५० औं वर्ष पूरा भएको छ भन्नुभयो । यस अवधीमा निकै उपलब्धीहरु प्राप्त गरिसकिएको तथा ति उपलब्धीहरुको संरक्षण गर्दै अगामी दिनहरुमा वर्तमानमा देखिएका समस्या र चुनौतीहरु सम्वोधन गर्दै अगाडी बढनु पर्ने पक्षमा प्रकाश पारेका थिए । विभिन्न मन्त्रालयहरुका सचिवहरुको सहभागिता रहेको कार्यक्रमा वैदेशिक सहायता समन्वय महाशाखाका प्रमुख श्री मधुकुमार मरासिनीले नेपाल सरकार विश्व वैंकको लगानीमा संचालित आयोजनाहरुको कार्य अवस्था सुधार गर्न सदैव तत्पर रहेको तथा यसका लागि सवै पक्षको सामुहिक जिम्मेवार र जवाफदेहिता आवश्यक रहेको हुँदा सवैले आ-आफनो स्थानबाट सहयोग गर्न आवह्वान गर्नु भयो । साथै विश्व वैंकलाई, वैंकको निरन्तर सहयोग प्रति अभार व्यक्त गर्दै आउदा दिनहरुमा सहयोग निरन्तरताको लागि नेपाल सरकार आशावादी रहेको समेत जानकारी गराउनु भएको थियो ।